Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत पत्र प्राप्त संस्था)

# व्यक्तिगत खाता खोल्ने फारम

Customer ID ____________

Account Number ____________

मिति D D - M M - Y Y Y Y

____________ शाखा

कृपया यस बैंकमा निम्नानुसारको खाता खोलिदिनु होला ।

☐ एकल खाता ☐ संयुक्त खाता ☐ नाबालक खाता

☐ चल्ती ☐ बचत ☐ अन्य (उल्लेख गर्नुहोस्)

मुद्रा ☐ नेपाली रुपैयाँ ☐ अन्य (उल्लेख गर्नुहोस्)

खाताको उद्देश्य ☐ बचत ☐ तलक ☐ कर्जा ☐ अन्य (उल्लेख गर्नुहोस्)

## खातावालाको नाम

पुरा नाम ____________

First Name ____________ Middle Name ____________ Surname ____________

## नावालक/कानुनी संरक्षक भएमा

संरक्षकको नाम ____________ नाता ____________

## व्यक्तिगत विवरण

पुरा नाम ____________

जन्म मिति : D D - M M - Y Y Y Y वि.सं. D D - M M - Y Y Y Y इ.सं. राष्ट्रियता ____________

लिङ्ग : ☐ पुरुष ☐ महिला ☐ अन्य

वैवाहिक स्थिति ☐ विवाहित ☐ अविवाहित ☐ अन्य (कृपया उल्लेख गर्नुहोस्)

शैक्षिक योग्यता ☐ साक्षर ☐ एस.एल.सि./एसईई ☐ स्नातक ☐ स्नातकोत्तर ☐ अन्य ____________

सम्पर्क विवरण:

आवासिय फोन नं. ____________ मोबाइल ____________ इमेल ____________

## स्थायी ठेगाना

जिल्ला ____________ महानगर/उप-महानगर/नगरपालिका/गाउँपालिका ____________

वडा नं. ______ टोल/मार्ग ____________ घर नं. ______ प्रदेश ______ देश ______

## हालको ठेगाना

जिल्ला ____________ महानगर/उप-महानगर/नगरपालिका/गाउँपालिका ____________

वडा नं. ______ टोल/मार्ग ____________ घर नं. ______ प्रदेश ______ देश ______

घर बहालमा बस्नेको हकमा, घरधनीको नाम ____________ सम्पर्क नं. ____________

## परिचयपत्र सम्बन्धि विवरण

☐ नागरिकताको प्रमाणपत्र ☐ सवारी चालक अनुमति पत्र ☐ मतदाता परिचय पत्र ☐ पासपोर्ट ☐ एम्बेसी रजिष्ट्रेशन कार्ड

☐ जन्मदर्ता प्रमाणपत्र ☐ नाबालक परिचय पत्र

परिचय पत्र नं. ____________ जारी मिति D D - M M - Y Y Y Y वैधता समाप्त हुने मिति D D - M M - Y Y Y Y

जारी निकाय ____________ जारी गर्ने स्थान ____________

भिसा सम्बन्धी विवरण (विदेशी नागरिकको लागि मात्र)

भिसा जारी मिति D D - M M - Y Y Y Y भिसा बहाल रहने मिति D D - M M - Y Y Y Y

स्थायी लेखा नम्बर ____________ ☐ स्थायी लेखा नम्बर छैन

## पारिवारिक विवरण

| क्र.सं. | नाता | पुरा नाम, थर |
|---|---|---|
| १ | पति/पत्नी | |
| २ | बाबु | |
| ३ | आमा | |
| ४ | हजुरबुबा | |
| ५ | हजुरआमा | |
| ६ | छोरा | १ |
| | | २ |
| ७ | छोरी | १ |
| | | २ |
| ८ | बुहारी | १ |
| | | २ |
| ९ | ससुरा (विवाहित महिलाको हकमा) | |
| १० | सासु (विवाहित महिलाको हकमा) | |

## पेशा/व्यवसाय सम्बन्धी विवरण

संस्थामा आबद्ध कर्मचारी भएमा ☐ नेपाल सरकार ☐ सार्वजनिक कम्पनी। ☐ प्राइभेट कम्पनी ☐ अन्य (उल्लेख गर्नुहोस)

पेशागत व्यवसायी भएमा ☐ चार्टर्ड एकाउन्टेन्ट ☐ डाक्टर ☐ व्यवसायी ☐ अवकास ☐ अन्य (उल्लेख गर्नुहोस)

| संस्थाको नाम | ठेगाना | सम्पर्क नं. | व्यवसायको प्रकृति | पद | अनुमानित वार्षिक आम्दानी |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| खातामा हुने अनुमानित वार्षिक कारोवार रकम : | | | खातामा हुने अनुमानित वार्षिक कारोवार संख्या : | | |

** थप विवरणका लागि अतिरिक्त पाना प्रयोग गर्नुहोस् ।*

आम्दानीको अन्य श्रोत भएमा कृपया खुलाउनुहोस्

## अन्य घोषणा

अन्य बैंक, वित्तीय संस्थामा खाता भए नभएको घोषणा ☐ छैन ☐ छ, वित्तीय संस्थाको नाम

के तपाई राजनैतिक/उच्च पदस्थ व्यक्ति वा त्यस्तो व्यक्तिसँग सम्बन्धित हुनुहुन्छ ? ☐ हो ☐ होइन

यदि हो भने, राजनैतिक उच्च पदस्थ व्यक्तिको नाम ________ र तपाईँसंगको सम्बन्ध

के तपाईंको हिताधिकारी व्यक्ति छ? ☐ छ ☐ छैन

यदि छ भने, हिताधिकारी व्यक्तिको नाम ________ र तपाईंसंगको सम्बन्ध

विगतमा कुनै आपराधिक कार्यमा संलग्न रहेको ☐ छैन ☐ छ, यदि छ भने उल्लेख गर्नुहोस्

के तपाई वैदेशिक आवासिय अनुमति राख्नुहुन्छ ? ☐ छैन ☐ छ, यदि छ भने तलका विवरण उल्लेख गर्नुहोस्

आवसिय विवरण: ☐ नागरिक ☐ स्थायी बसोबास ☐ बसोबास (१८० दिन वा १ वर्ष भन्दा बढी)

## FATCA घोषणा

तल उल्लेखित प्रश्नहरुको उपयुक्त कोष्ठमा चिन्ह लगाउनुहोस् ।

१. के तपाईं अमेरिकाको बासिन्दा हुनुहुन्छ ? ☐ हो ☐ होइन

२. के तपाईं अमेरिकाको नागरिक हुनुहुन्छ ? ☐ हो ☐ होइन

३. के तपाईं अमेरिकाको ग्रिन कार्ड प्राप्त व्यक्ति हुनुहुन्छ ? ☐ हो ☐ होइन

## इच्छाइएको व्यक्ति

तल उल्लेखित भए बमोजिमको व्यक्तिलाई मेरो शेषपछि मेरो खातामा रहको रकम कानुन बमोजिम प्राप्त गर्न नियुक्त गर्दछु ।

इच्छाइएको व्यक्तिको नाम

इच्छाइएको व्यक्तिको जन्म मिति : D D - M M - Y Y Y Y म सँगको सम्बन्ध:

इच्छाइएको व्यक्तिको बुबाको नाम

इच्छाइएको व्यक्तिको हजुरबुबाको नाम

परिचय पत्रको किसिम परिचय पत्र नं

जारी निकाय र स्थान

फोटो

ठेगाना सम्पर्क नं.

## परिचय

निवेदकको परिचय, पेशा तथा ठेगाना दुरुस्त छ भनी प्रमाणित गर्दछु ।

नाम खाता नं.

मिति D D - M M - Y Y Y Y परिचय गर्नेको दस्तखत ____________

## अतिरिक्त सेवाहरु (आवश्यक सेवाहरुमा चिन्ह लगाउनुहोस्)

खाताको विवरण सम्बन्धी निर्देशन: ☐ आफैले बुझ्ने ☐ इमेल मार्फत कृपया इमेल उल्लेख गर्नुहोस्

☐ चेकबुक________ पाना ☐ मोबाइल बैंकिङ्ग ☐ इन्टरनेट बैंकिङ्ग

☐ डेबिट कार्ड ☐ लकर → ☐ सानो ☐ मध्यम ☐ ठुलो

## बासस्थानको नक्सा

N

नजिकैको प्रसिद्ध स्थान________________________मेरो बासस्थान देखि ____________मिटर पर छ ।

## दस्तखत नमूना

खाता संचालन ☐ एकल ☐ कुनै एक ☐ संयुक्त ☐ अन्य

विशेष निर्देशन

| पूरा नाम : | | औंठा छाप | | फोटो |
|---|---|---|---|---|
| | | दायाँ | बायाँ | |
| दस्तखत | | | | |

| पूरा नाम : | | औंठा छाप | | फोटो |
|---|---|---|---|---|
| | | दायाँ | बायाँ | |
| दस्तखत | | | | |

Signature Scanned by: Name ______________________________ Signature____________ Date D D - M M - Y Y Y Y

Approved by: Name ____________________________________ Signature_____________ Date D D - M M - Y Y Y Y

## खाता संचालन सम्बन्धि नियमहरु

१. खाता संचालन प्रचलित नेपाल कानून, नियम, निर्देशन तथा बैंकिङ्ग प्रचलन अन्तर्गत हुनेछ ।

२. प्रत्येक खाताका लागि एउटा छुट्टै खाता नम्बर दिइनेछ । खाता सम्बन्धी कुनै किसिमको लेखापढी गर्दा र कारोवार गर्दा सो खाता नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

३. खातावालले बैंकले उपलब्ध गराएको चेक तथा बैंकले प्रदान गरेको तथा बैंकलाई स्वीकार्य अन्य माध्यम प्रयोग गरेर मात्र आफ्नो खातावाट रकम झिक्न सक्नेछ ।

४. ग्राहकले खातामा बैंकले समय-समयमा तोके अनुसारको न्युनतम मौज्दात रकम राख्नुपर्नेछ ।

५. चेकमा बैंकलाई प्रदान गरिएको दस्तखत नमूना अनुसारको हस्ताक्षर हनुपर्ने छ र चेकमा कुनै फेरवदल भएमा फेरबदल भएको ठाउँमा सोही अनुसार हस्ताक्षर हुनु पर्नेछ ।

६. भविष्यको मितिमा खिचिएको, म्याद सकिएको र बिग्रिएको चेकको भुक्तानी हुने छैन । चेक खिचिएको मिति ६ (छ) महिना भन्दा अधिकोभएमा म्याद सकिएको र चेक खिचिएको मिति पेश गरिएको मिति भन्दा पछिको भएमा भविष्यको मितिमा खिचिएको चेक ठहर्छ ।

७. बैंकले उपलब्ध गराएको चेक, डेविट कार्ड, केडिट कार्डहरु जुनसुकै समयमा पनि सुरक्षापुर्वक राख्नु खातावालको कर्तव्य हो । उल्लेखित साधनहरु हराए वा चोरी भएमा तुरुन्त बैंकलाई खवर गर्नु पर्ने छ । यस्तो जानकारी प्राप्त भए पछि बैंकले खवर गरिएका साधनवाट रकम झिक्न नपाउने गरी आवस्यक कारवाई गर्ने छ । यसरी बैंकलाई जानकारी नगराई भएको कारोवार प्रति बैंक जवाफदेही हुनेछैन ।

८. खातावालको खातामा रकम जम्मा भएको र झिकेको अभिलेख दुरुस्त गर्न बैंकले उचित सावधानी अपनाउनेछ तर रकम झिकेको/जम्मा गरेको अभिलेख गलत हुन गएमा खातावालको पुर्व सूचना विनानै बैंकले अभिलेख सच्याई दुरुस्त गर्न सक्नेछ । साथै खातावालले बैंकलाई रकम बुझाउन पर्ने भएमा बैंकले खातावालको खातावाट असुल उपर गर्न सक्नेछ । यी कार्यबाट भएको हानी नोक्सानी प्रति बैंक जवाफदेही हुने छैन ।

९. खातावालाको ठेगाना, सम्पर्क नम्बर, ईमेल आदि आवश्यक विवरणहरु परिवर्तन भएमा त्यसको जानकारी तत्काल बैंकलाई दिनुपर्नेछ । साथै ग्राहक पहिचान विवरण (KYC) बैंकको आवश्यकता अनुसार समय समयमा अद्यावधिक गर्नुपर्नेछ । ग्राहक पहिचान विवरण अद्यावधिक नभएका खातावालाको खाता बैंकले रोक्का गर्नसक्नेछ ।

१०. संयुक्त खाताको रकम बैंकलाई उपलब्ध गराइएको साझेदारहरु वीच अन्यथा करार भएकोमा बाहेक कुनै साझेदारको मृत्यु भएमा खातामा रहेको रकममा सवै संयुक्त खातावालहरुको वरावरीको दरले हक लाग्नेछ र यस्तो रकम मृत्यु भएका संयुक्त खातावालले बैंकलाई इच्छाएको भए इच्छाएको व्यक्तिलाई र इच्छाएको रहेनछ वा इच्छाएको व्यक्तिको पनि मृत्यु भैसकेको रहेछ भने कानून बमोजिम हकवालालाई भुक्तानी दिइनेछ र यदि खातावाट खातामा रहेको भन्दा बढी रकम भुक्तानी भएको भए कानून बमोजिमको हकवालाले संयुक्त रुपमा बैंकको रकम भुक्तानी गर्न उत्तरदायी हुनेछ।

११. कसैको खाता खोल्न इन्कार गर्ने र पुर्व सुचना विना बन्द गर्ने अधिकार बैंकमा रहनेछ र यसको कारण उल्लेख गरिरहन बैंक बाध्य हुनेछैन ।

१२. खातावालको खातामा रहेको रकम खातावालाको बैंकप्रतिको हाल र भविष्यको दायीत्वको लागि सूरक्षण मानिनेछ र यस्ता दायीत्वहरुको पालना खातावालले नगरेमा खातावाललाई सूचना नदिइकनै खातामा रहेको रकमवाट यस्ता दायीत्वहरुको पुर्ति गरिनेछ ।

१३. आफ्नो खाताको विवरण समय समयमा लिनु र रुजु गर्नु खातावालाको जिम्मेवारी हुनेछ । खाताको विवरण खातावाला वा खातावालाबाट लिखित अख्तियारीप्राप्त व्यक्तिलाई मात्र दिईनेछ । खाता सम्बन्धि कुनैपनि जानकारी टेलिफोनको माध्यमबाट दिइने छैन । खाताको विवरणको प्रतिलिपि माग गरिएमा बैंक नियम बमोजिम शुल्क लाग्नेछ । खातावालाले आफ्नो खातामा भएको कारोबारको नियमित रुपमा यकिन गर्नुपर्दछ । कुनैपनि कारोबारबाट उत्पन्न हुनसक्ने विवादहरु कारोबारको जानकारी प्राप्त भएको मितिले १५ दिनभित्र बैंकलाई मनासिव कारण सहित लिखित जानकारी गराइसक्नुपर्नेछ । तत्पश्चात् प्राप्त भएका दाबी उपर बैंक उत्तरदायी हुनेछैन ।

१४. नियमनकारी निकायद्धारा तोकिएको समयभन्दा बढी समयसम्म खातावाट कारोवार नभएमा खातावाल बैंकमा उपस्थित भै लिखित रुपमा खाता संचालनको लागि अनुरोध नगरेसम्म खाता संचालन हुने छैन ।

१५. खाता वन्द गर्न परेमा उपलब्ध गराएको मध्ये बाँकी चेकहरु/डेविट कार्ड/केडिट कार्ड संलग्न गरी लिखित रुपमा अनुरोध गर्नुपर्नेछ ।

१६. अशिक्षित व्यक्तिको खाता खोल्ने अधिकार बैंकलाई हुनेछ । यस्तो खाताबाट रकम झिक्दा खातावाल स्वयम आफू बैंकमा उपस्थित भई बैंक अधिकारीको रोहवरमा चेकमा ल्याप्चे लगाउनुपर्नेछ ।

१७. खाता संचालकले बैंकलाई कुनै विवादित र अस्पष्ट निर्देशन दिएमा र बैंकलाई मान्य हुने गरी यस्तो विवाद वा अस्पष्टताको समाधान नभएसम्म बैंकले खाता संचालन गर्न रोक्न सक्नेछ । यस सम्बन्धमा कुनै शुल्क लागेमा खातावालहरु व्यक्तिगत वा सामूहिक रुपमा जिम्मेवार हुनेछन् ।

१८. नावालक खातावालको नाममा खाता खोलिएकोमा खाता खोल्ने फारममा उल्लेखित संरक्षकले र नावालक १८ बर्ष पुराभएपछि निजले लिखित रुपमा अन्यथा निर्देशन दिएमा बाहेक खाता खोल्ने फारममा उल्लेखित निर्देशन अनुसार खाता संचालन हुनेछ ।

१९. दुरसंचार, कम्प्युटर वा अन्य प्राविधिक गडवढी वा दैवी बीपत्ती आदिको कारणबाट खातावालको कुनै निर्देशन पालना गर्न रोक भएमा वा गडबडी वा ढीलासुस्ती भएमा खातावाललाई पुग्न गएको क्षती वा नोक्सानीका लागि बैंक जवाफदेही हुनेछैन ।

२०. बैंकले खातावालको कारोवारको गोपनियता कायम राख्न सतर्कता अपनाउनेछ । तर सरकारी अधिकारीले छानविनको क्रममा मागेमा वा कानून बमोजिम विवरण उपलब्ध गराउन यसले कुनै बाधा पार्ने छैन ।

२१. खातावाला र खाता संचालकहरुको मृत्यु भएको बारे बैंकलाई आवश्यक कागजात सहित लिखित जानकारी प्राप्त हुनुपुर्व भएको कारोबारको लागि बैंक जिम्मेवार हुने छैन ।

२२. खातावालको बचत खातामा बैंकको नियम बमोजिम नेपाली पात्रो अनुसार ब्याज गणना गरी त्रैमासिक रुपमा वा समय समयमा प्राप्त नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार जम्मा गरिनेछ । यसरी गणना भएको ब्याजमा तोकिएको कर कट्टा गरिनेछ ।

२३. बैंकले प्रदान गर्ने व्याजदर समय समयमा बैंकले आफ्नो आधिकारिक वेबसाइटमा र/वा कुनै राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि परिवर्तन गर्न सक्नेछ ।

२४. खातावाललाई पुर्व सूचना नदिइकनै माथि उल्लेखित कुनै शर्त तथा बन्देजहरु परिवर्तन गर्ने अधिकार बैंकमा निहित रहनेछ । यसरी परिवर्तित वा थप गरिएको शर्त तुरुन्त प्रचलनमा आएको मानिनेछ र खातावाललाई लागुहुनेछ ।

## इन्टरनेट बैंकिङ्ग / मोबाइल बैंकिङको सेवा सम्बन्धि नियम तथा शर्तहरु

१. ग्लोबल आइएमई इन्टरनेट बैंकिङ्ग/मोबाइल बैंकिङ्ग सेवा केवल व्यक्तिगत प्रयोजनको लागि मात्र हो। यो हस्तान्तरण गरिने छैन । यसको प्रयोग बैंकले इंगीत गरेको प्रयोजनको लागि मात्र गरिनेछ । यो सेवा उपभोग गर्नको लागि ग्राहकले बैंकको कुनै एक शाखामा खाता संचालन गरेको हुनुपर्नेछ ।

२. ग्राहकले बैंकबाट बैंकिङ्ग कारोवारका लागि दिइएका सुरक्षित गोप्य नाम, पासवर्ड, पिन आदि जानकारीहरुको गोपनियता कायम गर्नेछ र यी जानकारीहरु कुनै पनि अवस्थामा, कसैलाई, कहिले पनि दिने छैन । उक्त जानकारीहरु बैंकले ग्राहकलाई ग्राहकले बैंकमा उपलब्ध गराएको रजिष्टर्ड मोबाइल नम्बर र इमेल ठेगानामा प्रदान गरिने व्यहोरा ग्राहकलाई अवगत छ र उक्त रजिष्टर्ड मोबाइल र इमेलको अनधिकृत प्रयोग गरी भएको कुनैपनि अनधिकृत कारोवार प्रति बैंक जिम्मेवार हुनेछैन ।

३. यदि आफ्नो गोप्य पासवर्ड, नम्बर, पिन हराएको अथवा सोको जानकारीहरु कतै कोही असम्बन्धित व्यक्तिको जानकारीमा आएको थाहा भएमा तुरुन्त बैंकलाई जानकारी गराई रद्द गराउनु पर्नेछ र तिनको परिवर्तन गर्नुपर्नेछ ।
४. इन्टरनेट बैंकिङ्ग/मोबाइल बैंकिङ्ग प्रणालीबाट गरिएका सम्पूर्ण कारोबारहरुको जिम्मेवारी ग्राहक स्वयंको हुनेछ ।
५. ग्राहकको जानकारीमा वा त्यसको बिना, ग्राहकलाई उपलब्ध पिन, पासवर्ड आदिको प्रयोगबाट गरिएको सम्पूर्ण कारोवार आदेशलाई कार्यान्वयन गर्ने हक बैंक संग सुरक्षित रहेको हुनेछ ।
६. इन्टरनेट बैंकिङ्ग/मोबाइल बैंकिङ्ग प्रणाली मार्फत दिइएका आदेशहरु प्रत्यक्ष रुपमा ग्राहकबाट नआएको शंका लागेमा बैंकले यस्ता आदेशहरुलाई अस्विकार गर्ने हक आफुसंग सुरक्षित राखेको हुनेछ ।
७. बैंकले सेवा प्रदान गरे वापत आफ्नो आन्तरिक नियम अनुसारको कमिशन वा सेवा शुल्क लगाउन सक्नेछ । बैंकले समय समयमा निर्धारण, थप वा परिमार्जन गरे अनुसारको शुल्क ग्राहकका खातामा लागु गर्न सक्नेछ । कुनै पनि शुल्क, खर्च, कमिशन, मार्जिन, जरिवाना र सरकारको विभाग वा निकायबाट असुल गर्ने कर भुक्तानीको लागि ग्राहकलाई सुचना सहित वा बिना सूचना ग्राहकको खाता डेबिट गरी असुल उपर गर्न बैंकलाई सदैव अख्तियार प्राप्त हुनेछ । गल्ती अभिलेख भएको अवस्थामा त्यसलाई सच्याउने अधिकार बैंकलाई हनेछ ।
८. इन्टरनेट बैंकिङ्ग/मोबाइल बैंकिङ्ग प्रणालीमा हुन आएको ढिलाई अड्चन, अन्य बाधा वा अन्य कुनै प्राविधिक कारणबस ग्राहकको आदेशको कार्यान्वयनमा हुन गएको ढिलाई वा बाधाबाट गाहकलाई हुनगएको असुविधा, क्षति वा हानि नोक्सानीका लागि बैंक कुनैपनि किसिमले जिम्मेवार हुने छैन ।
९. ग्राहकले खातामा पर्याप्त रकमको अभाव हुने गरि कुनै पनि आदेश इन्टरनेट बैंकिङ्ग / मोबाइल बैंकिङ्ग प्रणाली मार्फत बैंकलाई दिने छैन । यस्ता आदेश बैंकले पाउँदाखेरी खातामा पर्याप्त रकमको अभाव भएमा यी आदेशको पालना गर्न बैंक बाध्य हुने छैन ।
१०. ग्राहकले बैंकको अभिलेख अनुसार ग्राहकको खातामा रहेका अभिलेखहरुलाई सदैव स्वीकार गर्नेछ र कुनैपनि प्रयोजनको लागि निर्णायक हुनेछ ।
११. इन्टरनेट बैंकिङ्ग / मोबाइल बैंकिङ्ग प्रणालीको प्रयोग सधै बैंकको प्रचलित नियम र विनियमहरुको अधिनमा रहनेछ ।
१२. उल्लेखित नियम एवं शर्तहरुलाई, कुनैपनि समयमा. ग्राहकलाई सचित गरी वा नगरी. संशोधन परिवर्तन वा थप गर्ने अधिकार बैंकलाई रहनेछ र यी परिवर्तनहरु सदैव ग्राहकले स्वीकार गर्नुपर्नेछ ।
१३. कानुन अनुसार आवश्यक भएको खण्डमा वा कुनै नियमनकारी सरकारी निकायबाट अनुरोध भएको अवस्थामा बाहेक ग्राहकको खाता सम्बन्धी सूचनाहरु गोप्य राखिनेछ ।
१४. यो निवेदनमा बैंकको स्वीकृति आवश्यक पर्नेछ । बैंकसंग कुनै कारण नखुलाईकनै आफ्नो स्वविवेकमा यो निवेदनको कुनै भाग वा सम्पूर्ण निवेदन अस्वीकृत गर्ने अधिकार रहनेछ ।
१५. ग्राहकलाई सुचित गरि वा नगरिकन, इन्टरनेट बैंकिङ्ग/मोबाइल बैंकिङ्ग सुविधालाई नविकरण गर्ने, रद्द गर्ने वा फिर्ता लिने अधिकार बैंक संग रहनेछ ।
१६. ह्याकर्सहरुले विभिन्न साइबर अपराध, हयाकिङ्ग जस्ता अन्य जालसाजी युक्त तरिकाले गरेको कुनै पनि अनधिकृत कारोवार प्रति बैंक जिम्मेवार हुनेछैन ।
१७. ग्राहकसम्बन्धी विविध जानकारी बैंकले प्रचलित ऐन नियम बमोजिम आफुद्धारा नियुक्त गरेको कुनै एजेन्ट व्यक्ति वा एजेन्ट संस्थालाई प्रदान गर्न सक्नेछ ।
१८. उपरोक्त सुविधा ग्राहकले कुनै पनि बेला बैंकलाई लिखित निवेदन दिई बन्द गर्न सक्ने छ ।

## ए.टि.एम/डेविट कार्ड सेवा सम्बन्धि नियम तथा शर्तहरु

१. ग्लोबल आइएमई बैंक डेबिट कार्ड (यसपछि कार्ड भनिनेछ) ग्लोबल आइएमई बैंक लिमिटेड (यसपछि बैंक भनिनेछ) को सम्पत्ती हो ।
२. कार्ड अन्य कसैलाई हस्तान्तरण गर्न पाइदैन ।
३. कार्ड धारकले पेश गरेको जानकारी झुट्टा पाइएमा र/अथवा कार्डको दुरुपयोग भएमा बैंकले कार्ड धारकलाई जारी गरेको कार्ड खिच्ने/बदरगर्ने अधिकार बैंकमा निहित रहने छ ।
४. कार्ड प्रयोग गरी रकम निकाल्ने सहित गरिएका सम्पूर्ण कारोवारहरुको लागि कार्ड धारकले तोकेको खाता(हरु)बाट कट्टा गर्नेछ । यस प्रयोगकोलागि कार्ड धारक बैंकलाई आफ्नो तोकिएको खाताबाट कार्डको प्रयोग गरी गरिएको कारोबारको रकम कट्टा गर्न अख्तियार प्रदान गर्दछ ।
५. कार्ड र कार्डबाट प्रदान गरिने सेवाहरु सम्बन्धि बैंकद्वारा तोकिएको सम्पूर्ण शुल्क तथा दस्तुरहरु तोकिएको खाता(हरु)बाट बैंकले कट्टा गर्नेछ ।
६. तोकिएको संयुक्त खाता(हरु)को सम्बन्धमा कार्डद्वारा गरिएको सम्पूर्ण कारोवारको लागि सबै सदस्यहरु संयुक्त र एकल रुपमा जिम्मेवार हुनेछन् ।
७. कुनै पनि समयमा सदस्यता खारेज गर्न, कार्डमा प्रदान गरिएका विधाहरुबाट वञ्चित गर्न वा म्याद गुज्रेको कार्ड नविकरण नगर्न र कार्ड फिर्ता बुझाउनको लागि कार्ड धारकलाई बोलाउन सक्ने अधिकार बैंकमा निहित रहने छ ।
८. जुनसुकै कारणले सदस्यता खारेज भएको वा कार्डमा प्रदान गरिएका सुविधाहरु बञ्चित गरिएको सूचना प्राप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित शाखालाई कार्ड फिर्ता गर्नपर्नेछ । कार्ड बैंकलाई नबुझाएसम्म कार्डको प्रयोग गरी सिर्जित विजकहरुको भुक्तानी कार्ड धारकको दायित्व हनेछ ।

९. कार्डको म्यादको अन्तिम मिति सकिन एक महिना अगाडि कार्डधारकले बैंकलाई कार्ड खारेज गर्न/नविकरण नगर्न लिखित निर्देशन दिनुपर्नेछ ।

१०. कार्ड धारकलाई जारी गरिएको कार्ड र व्यक्तिगत परिचयात्मक नम्बर (यसपछि पिन भनिनेछ) नितान्तरुपमा कार्ड धारकको जोखिम र दायित्वमा रहनेछन् । कार्ड धारकले कुनै पनि अन्य व्यक्तिलाई पिन व्यक्त गर्ने छैन र कार्डको स्वामित्व ग्रहण गर्न अनुमति दिने छैन । कार्ड धारकलाई थाहा वा अख्तियार नभई कार्डको प्रयोग गरी गरिएको सम्पूर्ण कारोवारको दायित्व कार्ड धारकले लिनेछ ।

११. हराएको/चोरी भएको, विग्रिएको कार्ड र व्यक्त गरिएको पिन सम्बन्धमा बैंकलाई लिखित रुपमा जानकारी दिन कार्ड धारक मञ्जुर गर्दछ । यसरी दिइएको जानकारीपूर्वको सम्पूर्ण कारोवारहरु प्रति कार्ड धारक नै जिम्मेवार ठहरिनेछ ।

१२. नगद झिक्ने र खरिद सहितको दैनिक कारोवार सीमा निर्धारण गर्ने र बैंकको आफ्नो Automated Teller Machine (यसपछि एटिएम भनिनेछ) बाट प्रदान गरिने नोटको दर निर्धारण गर्ने अख्तियार बैंकलाई निहित रहने छ ।

१३. कार्डको वा एटिएम वा Point of Sale Terminal (यसपछि POS भनिनेछ) को खरावीले, त्यस्ता मेशीनमा अपर्याप्त रकम भएकोले, यान्त्रिक वा विद्युतीय प्रवाहको खरावीले वा अन्य कारणले उत्पन्न कुनै पनि वा जुनसुकै कारणले एटिएम वा विक्रेताको स्थलमा रहेको POS बाट सेवाहरु प्राप्त गर्न नसकिएमा बैंक कुनै पनि प्रकारले जवाफदेही हुनेछैन ।

१४. कार्डको प्रयोग गरी भएको कारोवार सम्बन्धि विवाद बैंकलाई कारोवार भएको ३० दिनभित्र चार्जव्याकको प्रक्रिया थाल्नको लागि सूचित गर्नुपर्नेछ ।

१५. कारोवारको सत्यता यकिन गर्न समय समयमा कारोवारको विवरण जाँच गर्ने दायित्व कार्ड धारकको हुनेछ ।

१६. यसमा उल्लेख गरिएको शर्तहरु पालना कार्ड धारकबाट नगरी वा लापरवाही पूर्वक कार्ड प्रयोग गरेको कारणवाट ग्राहकलाई प्रग्न गएको क्षति, प्रति बैंकलाई कुनै दावी गर्ने छैन भनी कार्ड धारक मञ्जर गर्दछ ।

१७. विदेशी मुद्रा सम्बन्धि नियम तथा विनियमहरुको कुनै पनि प्रकारको उल्लङ्घनको लागि कार्ड धारक जवाफदेही हनेछ ।

१८. कार्ड धारकले कार्डमार्फत भारतीय रुपैयामा कारोवार गर्दा नेपाल राष्ट्र बैंकद्वारा तोकिएको सीमा र व्यवस्था बमोजिम मात्र भा.रु. खर्च गर्न पाउनेछ ।

१९. कार्ड धारकले पुँजीगत कारोवारको लागि कार्डमार्फत खर्च गर्न पाउने छैन ।

२०. मालसामान खरिद तथा सेवा उपयोग वापत “प्वाइन्ट अफ सेल” मार्फत खर्च भएको रकमको बिल, बिजक लगायत आवश्यक विवरण कार्ड धारकले बैंकलाई मागेको बखत उपलब्ध गराउनु पर्नेछ ।

२१. तोकिएको सीमा, शर्त र व्यवस्थाको प्रतिकुल हुने गरी खर्च गरिएको पाइएमा बैंकबाट जारी भएको कार्डबाट कारोवार गर्न जुनसुकै बखत रोक लगाउन सकिनेछ र यस्ता कारोवार गर्ने ग्राहकहरुको विवरण नेपाल राष्ट्र बैंकमा उपलब्ध गराउन सकिनेछ ।

२२. यी शर्त तथा बन्देजहरु र शुल्क तथा दस्तुरहरु कार्ड धारकलाई पुर्व सूचना नदिई परिमार्जन गर्ने अधिकार बैंकसँग निहित रहनेछ र त्यस्ता परिमार्जनहरु कार्ड धारकलाई बाध्यकारी हुनेछ ।

२३. कार्ड सम्बन्धी विवादको समाधान प्रचलित नेपाल कानून र नेपालको क्षेत्राधिकार अन्तर्गत रहने छ ।

## उद्घोषण

१. म/हामीले दरखास्त फारममा उपलब्ध गराएको सुचना तथा जानकारीहरु सत्य र ठिक छ भनि पुष्टि गर्दछु/ गर्दछौं ।

२. खाता संचालन सम्बन्धी बैंकको शर्त तथा निर्देशनहरु पढें र बुझे यी शर्त तथा निर्देशनहरुको पालना गर्न स्वीकृति जनाउँदछु/जनाउँदछौं ।

३. बैंकले समय समयमा लागु गर्ने नीति तथा निर्देशनहरु म/हामीलाई मान्य हुनेछन् ।

४. यस खातामा सबै लेनदेन वैध स्रोतबाट गरिनेछ । अन्यथा गरिएको ठहरिएमा स्वयम्ले व्यहरौंला ।

५. सबै आवश्यक कागजातहरु यसै साथ संलग्न छन् ।

....................................

आवेदकको दस्तखत

मिति D D - M M - Y Y Y Y

## BANK'S USE ONLY

Multiple account check ☐ Yes ☐ No Match found ☐ Yes ☐ No

PEP check ☐ Yes ☐ No Match found ☐ Yes ☐ No if yes, ☐ PEP ☐ Associate PEP

Name check in sanction list ☐ Yes ☐ No Match found ☐ Yes ☐ No

Black list record check ☐ Yes ☐ No Match found ☐ Yes ☐ No

Introducer's Signature, Name and A/c number vertified ☐ Yes ☐ No Reason for non-verification:_______________

Risk Category of account ☐ Low Risk ☐ Medium Risk ☐ High Risk

Remarks:

KYC next review date D D - M M - Y Y Y Y

Account Scheme___________________________

AML Screening ID

Temporary Account Number

Black list record check reference no.

| Approved in case of high risk | Checked and Verified by | Verified by |
|---|---|---|
| | Signature | Signature |
| Approving Authority<br>Name_________________________<br>Date: D D - M M - Y Y Y Y | Name_________________________<br>AML/CFT Branch Compliance Officer<br>Date : D D - M M - Y Y Y Y | Name_________________________<br>Branch Manager<br>Date : D D - M M - Y Y Y Y |

Account Opened by: Name______________________________ Signature____________ Date: D D - M M - Y Y Y Y

Checked/Approved by: Name____________________________ Signature____________ Date: D D - M M - Y Y Y Y

Documents Scanned by: Name___________________________ Signature____________ Date: D D - M M - Y Y Y Y

Documents Approved by: Name__________________________ Signature____________ Date: D D - M M - Y Y Y Y